# लिखु पिके गाउँपालिका

## स्थानिय राजपत्र

खण्ड ५ संख्या ४

मिति:२०८०/१०/०८


## भाग-२

# लिखु पिके गाउँपालिका

## लिखु पिके गाउँपालिकाको कृषि,पंशुपन्छी व्यवसाय प्रवर्द्धन प्रोत्साहन अनुदान कार्यविधि,२०८०

**प्रस्तावना :** स्थानीय तहमा कृषि व्यवसाय प्रवर्द्धनको लागी उपलब्ध गराइने अनुदानलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ९ण० लिखु पिके गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७७ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी लिखु पिके गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लिखु पिके गाउँपालिका कृषि व्यवसाय प्रवर्द्धन प्रोत्साहन अनुदान कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि, पशु तथा उद्योग व्यवसाय उत्पादन, प्रशोधन, मुल्य अभिबृद्धि, बजारीकरण, प्रोत्साहन, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद अनुदान सहुलियत सम्झनु पर्छ । साझेदार निकायबाट हुने कृषि सहुलियतलाई पनि बुझाउनेछ ।

(ख) “अनुदानग्राही” भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि, पशु उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्छ ।
(ग) “कृषि व्यवसाय” भन्नाले कृषि, पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मुल्य अभिबृद्धि एवं औद्योगिकरण गर्नेलाई समेत बुझिन्छ ।
(घ) “कार्यक्रम” भन्नाले गाउँपालिका वा साझेदार निकाय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनु पर्छ ।
(ङ) “कार्यालय” भन्नाले गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।
(च) “बैङ्क” भन्नाले गाउँपालिकाबाट तोकिएको बैङ्क सम्झनु पर्छ ।
३. अनुदान उपलब्ध गराउन सक्ने: गाउँपालिकाले बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**४. अनुदानको सुचना र अनुदानग्राहीको छनौट:**
(१) अनुदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न यस कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्ने गरी सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ ।
बाख्रा पालक कृषक प्रोत्साहन कार्यक्रमको हकमा निम्न आधारहरुमा कार्यक्रमा संचालन गर्नु पर्ने छ ।
आधारहरु :-
क) कम्तिमा ५ माउ बाख्रा हुनुपर्ने।
ख) गाउँपालिका कार्यलयमा बाख्रा पालन फर्म दर्ता सुचिकृत भएको हुनुपर्ने।
ग) युवा, (४५ बर्ष ननागेको) एकल महिला लाई प्राथमित्ता दिने।
(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानविन गरी छनौटको लागि सम्बन्धित शाखाले अध्यक्ष समक्ष पेश गर्नेछ ।
(३) उपदफा (२) बमोजिम भएको निर्णय अनुसार कार्यालय प्रमुखले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

**५. अनुदान रकमको सीमा:**
(१) गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकम कुल लागतको पच्चहत्तर प्रतिशत भन्दा बढी हुने छैन।
(२) परियोजना लागत साना परियोजनाहरुमा समेत अनुदानको सिमा पचहत्तर प्रतिशत भन्दा बढी हुने छैन । त्यस्ता अनुदानग्राहीहरु बैंक मार्फत कारोबार हुनेछ ।
(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कार्यक्रम तथा कृयाकलापको हकमा यो कार्यविधि लागु हुने छैन :-
(क) प्राकृतिक विपद वा प्रचलित कानुनमा तोकिएको लक्षित समुहका लागि गाउँपालिका आफैले वा गैर सरकारी संघ संस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा ।
(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेको परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराईनेछ ।
**६. अनुदान रकमको निर्धारण** अध्यक्षले अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत गर्नेछ ।
**७. अनुदानग्राही सम्झौता गर्नु पर्ने:**
(१) नियम अनुसार दर्ता भएको कृषि व्यवसायिक संघ, सस्था सहकारी, फर्महरु कृषि अनुदान तथा व्याज अनुदानको लाभग्राहीको रुपमा रहनेछ । कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ ।

**८. अनुदान भुक्तानी बैंकमार्फत हुने:**

(१) कार्यालयले लाभग्राहिलाई एकाउन्ट पेसी चेक मार्फत वा सोझै बैंक खातामा रकम उपलब्ध गराउनेछ ।

**९. असुल उपर गर्नु पर्ने:** कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुल उपर गर्नेछ ।

**१०. संघीय सरकार वा प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम:** संघीय सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरी मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने कार्यक्रमहरु संघीय सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन ।

**११. सम्झौता बमोजिम सञ्चालन हुने:** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि साझेदार निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलाप सञ्चालन गर्दा सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन गरिनेछ ।

**१२. अनुदानग्राहीले कृषि कर्जा प्राप्त गर्न सक्ने:** अनुदानग्राहीले चाहेमा आफूले स्व:लगानी गर्नु पर्ने रकम अनुदानको स्वीकृती हुनुपूर्व बैंकको प्रचलित नियम बमोजिम कृषि कर्जा प्राप्तिको सुनिश्चितता गर्न सक्नेछन् ।

**१३. दोहोरो सुविधा लिन नपाउने:** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

**१४. अनुदानग्राही जिम्मेवार हुने:**

(१) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

(२) अनुदानबाट प्राप्त कृषि यान्त्रीकरण सामाग्री बस्तुभाउको अनुदान प्रापकले संरक्षण गर्नुपर्नेछ । सामुहिक उपयोग हुन सक्ने सामाग्री तथा बस्तुभाउको यथोचित संरक्षण, सुरक्षा हुन नसकि हानी भएको लागेमा अनुदानको लागत रकम अनदानग्राहीबाट असुल उपर गर्न बाधा पर्ने छैन ।

**१५. अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्ने:**

कुनै कारणवश प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवश कार्यालयले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पूरा भुक्तानी नदिन सक्ने सम्मको कारबाही हुनेछ ।

**१६. अनुदान :**

(१) लिखु पिके गाउँपालिकाले अनुसूची १ अनुसारका शिर्षकहरुमा अनुदान रकम उपलब्ध गराइनेछ ।

(२) लिखु पिके गाउँपालिकाबाट अनुदान प्राप्त गरेका कृषक समुह कृषि फार्म तथा पशुपालन समुह, पशु फार्महरुले अनुसूची २ अनुसार सम्झौता गर्नु पर्नेछ ।

**१७. विविध:**

१."यो कार्यविधि स्वीकृत हुदाँका मिती सम्म अनुदानका लागी प्राप्त हुन आएका निवेदन यसै कार्यविधी वमोजिम प्राप्त भएको मानिनेछ । त्यस्ता निवेदकहरु लाई यसै कार्यविधि वमोजिम अनुदान उपलब्ध गराइलेछ।

२)यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

अनुसुची : १

(दफा २ को खण्ड (ग) सँग सम्बन्धित)

अनुदान रकम उपलब्ध हुने कार्यक्रमहरु

| क्र.स | कार्यक्रमहरु |
|---|---|
| १. | कृषि पर्यटन प्रवर्धन कार्यक्रम |
| २. | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्धन तथा प्रविधि विस्तार कार्यक्रम |
| ३. | चिया खेती प्रवर्धन तथा आधुनिकिकरण कार्यक्रम |
| ४. | शितभण्डार घर निर्माण कार्यक्रम |
| ५. | एग्रिमार्ट स्थापना कार्यक्रम |
| ६. | १ हेक्टर भन्दा वढी क्षेत्रफलमा किविफल खेती विस्तारका लागी प्रस्तावनामा आधारित अनुदान कार्यक्रम |
| ७. | वगर खेती कार्यक्रम |
| ८. | स्किन हाउस निमार्ण कार्यक्रम |
| ९. | व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम |
| १० | नमुना कृषि फार्म स्थापना तथा संचालन कार्यक्रम |
| ११ | आलु भण्डारको लागि रष्टिक स्टोर निमार्ण कार्यक्रम |
| १२ | खेर गएका सार्वजानिक जग्गामा फलफुल खेती प्रवर्धन कार्यक्रम |
| १३ | कागती खेती प्रवर्धन कार्यक्रम |
| १४ | किवी खेती प्रवर्धन कार्यक्रम |
| १५ | कफि खेती विस्तार कार्यक्रम |
| १६ | व्यवसायिक विज वृद्धि प्रवर्धन तथा विउ विजन आत्मनिर्भर कार्यक्रम |
| १७ | सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र स्थापना तथा संचालन कार्यक्रम |
| १८ | कृषि बजार तथा संकलन केन्द्र निमार्ण कार्यक्रम |
| १९ | नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम |
| २० | सघन बाली बिकास कार्यक्रम |
| २१ | उन्नत विउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम |
| २२ | कमर्सियल एग्रीकल्चर (सि.ए.ए) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम |
| २३ | स्रोत केन्द्र(च्याउर मौरी) विकास कार्यक्रम |
| २४ | चक्लाबन्दि खेती प्रवर्धन कार्यक्रम |
| २५ | अभियानमुखी अदुवा उत्पादन प्रवर्धन कार्यक्रम |
| २६ | परिक्षण मिनिल्याव स्थापन तथा सुदृढिकरण कार्यक्रम |

| | |
|---|---|
| २७ | हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रवर्धन कार्यक्रम |
| २८ | मासु बजार व्यवस्थापन तथा संचालन कार्यक्रम |
| २९ | गाईभैसि श्रोतकेन्द्र विकास कार्यक्रम |
| ३० | ग्रामिण कुखुराको ह्याचरी स्थापना कार्यक्रम |
| ३१ | अण्डामा आत्मनिर्भर तथा पारिवारिक स्तरमा पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा प्रवर्धन कार्यक्रम |
| ३२ | उच्च पहाडि क्षेत्र पशु विकास कार्यक्रम |
| ३३ | मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम |
| ३४ | विश्वविद्यालय अध्ययन संस्थान र कलेजहरुको समन्वयनमा कृषि प्रसार कार्यक्रम |
| ३५ | विउ उत्पादन प्रसोधन तथा भण्डारण सहयोग |
| ३६ | युवा लक्षित कृषि विकास कार्यक्रम |
| ३७ | प्राङगरिक मल उत्पादन सहयोग कार्यक्रम भर्मि कम्पोष्ट |
| ३८ | प्राङगरिक कृषि प्रवर्धन अभियान कार्यक्रम |
| ३९ | महिला , दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम |
| ४० | नमुना व्यवसायिक पशुपालन फर्म कार्यक्रम |
| ४१ | हुलाकी मार्ग लक्षित बाखा पालन कार्यक्रम |
| ४२ | युवा लक्षित पशु विकास कार्यक्रम |
| ४३ | साझेदारीमा कृषि तथा पशुपंक्षि पूर्वधार विकास कार्यक्रम |
| ४४ | बाखाको विहत्तर पकेट कार्यक्रम |
| ४५ | कार्यपालिकाबाट निर्णय भए बमोजिम कृषि व्यवसाय प्रवर्धन कार्यक्रम |
| ४६ | स्थानिय प्रजातीका पंक्षिपालन कार्यक्रम |
| ४७ | गाई, भैसी र बाखापालन कार्यक्रम |
| ४८ | घरेलु उद्यम व्यवसाय गलैंचा, हाते औजार,ढाका, मुल्य अभिवृद्धि संबन्धित उद्योग |

| | |
|---|---|
| ४९ | अलैचि खेतीकार्यक्रम |
| ५० | कृषियान्त्रिकरण अनुदान परिचालन कार्यक्रम |
| ५१ | बंगुर तथा बाख्राको दाना उद्योग स्थापना कार्यक्रम |
| ५२ | मिल्किङ मेशिनवितरण कार्यक्रम |
| ५३ | खसि बोका संकलन केन्द्र निमार्ण /सुधार कार्यक्रम |
| ५४ | मिटमार्ट स्थापना कार्यक्रम |
| ५५ | पशु जन्यपदार्थ उत्पादन, विविधिकरण तथा वजारीकरण |
| ५६ | पशु वधशाला निमार्ण तथा सुधार कार्यक्रम |
| ५७ | पशु वध स्थल निमार्ण तथा सुधार कार्यक्रम |
| ५८ | साइलेज प्रविधिमा अनुदान सहयोग कार्यक्रम |
| ५९ | साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम |
| ६० | पशु पक्षिं तथा पशु पक्षिं जन्य पदार्थ ढुवानी साधन खरिद कार्यक्रम |
| ६१ | मत्स्यह्याचरी निमार्ण एवं व्यवस्थापनकार्यक्रम |
| ६२ | नर्सरी पोखरी निमार्ण कार्यक्रम |
| ६३ | मत्स्यउत्पादनकार्यक्रम |
| ६४ | मत्स्ययान्त्रिकरण कार्यक्रम |
| ६५ | पशु हाट वजार निमार्ण/सुधार कार्यक्रम |
| ६६ | बाखाश्रोत केन्द्र स्थापनाकार्यक्रम |
| ६७ | मिल्कएलानाइजर वितरण कार्यक्रम |
| ६८ | व्यवसायिकबंगुर फार्म खोर निमार्ण/सुधार जैविक सुरक्षाकार्यक्रम |
| ६९ | व्यवसायिकगाइ भैसी फार्महरुलाई गोठ निमार्ण/सुदृढिकरण तथा जैविक सुरक्षाकार्यक्रम |
| ७० | व्यवसायिकबाखाफार्महरुलाई खोर निमार्ण/सुधार जैविक सुरक्षाकार्यक्रम |
| ७१ | अण्डा उत्पादनगर्ने व्यवसायकुखुरा फार्महरुलाई खोर निमार्ण/सुधार जैविक सुरक्षाकार्यक्रम |
| ७२ | मेटर सहितको च्याप्टर मेशिनवितरण |
| ७३ | मासु पसल निमार्ण तथा सुधार कार्यक्रम |
| ७४ | डेरी पसल निमार्ण तथा सुधार कार्यक्रम |
| ७५ | व्यवसायिकबाखाफार्महरुलाई डिपिङ्ग ट्याङ्क निमार्ण कार्यक्रम |
| ७६ | सामुदायिकवनतथा खेर गएको जग्गामा घाँस खेतीविकास कार्यक्रम |
| ७७ | उन्नत घाँस खेतीको आधारमाअनुदानकार्यक्रम |
| ७८ | साइलेज घास प्रयोजनकालागि मकै खेतीमाअनुदानकार्यक्रम |
| ७९ | व्यवसायिकबंगुर प्रवर्धन प्रादेशिकअधियानकार्यक्रम |
| ८० | बाख्रापालक कृषक प्रोत्साहन कार्यक्रम |

**अनुसूची -२**
**लिखु पिके गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौलाखर्क, सोलुखुम्बु**

# कृषि व्यवसाय प्रवर्द्धन अनुदान सम्झौता पत्र

लिखु पिके गाउँपालिका कृषि पशुपंन्छी व्यवसाय प्रवर्द्धन प्रोत्साहन अनुदान कार्यविधि २०८० अनुसार लिखु पिके गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र ..........................................(यस पछि दोस्रो पक्ष भनिने) बीच कृषि पशुपंन्छी अनुदान सम्बन्धमा निम्न शर्तका अधिनमा रहि सम्झौता गरीनेछ ।

१. प्रथम पक्षले दोस्रो पक्षलाई ..............................................................कार्यका लागि रु. ......................(अक्षेरुपी ..............................)उपलब्ध गराउनेछ । दोस्रो पक्षले अनुदान रकमलाई ७५% मानी थप लगानी जुटाउनेछ ।

२. दोस्रो पक्षले प्राप्त अनुदान उपभोग गरी सो को प्रतिवेदन प्रथम पक्षलाई सम्झौता मितिले २ महिना वा आर्थिक वर्षको अन्त्य जुन पहिला हुन्छ, सोहि मिति भित्र उपलब्ध गराउनेछ ।

३. दोस्रो पक्षले अनुदान सम्बन्धित कार्यमा नलगाएमा प्रथम पक्षले सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडि बडाउनेछ ।

४. दोस्रो पक्षले अनुदान रकम निम्ननुसारको कार्यका लागी उपयोग गर्नेछ ।

क)..........................................................................................................।
ख)..........................................................................................................।
ग)..........................................................................................................।

५. कुनै विवाद भएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट :** | **दोस्रो पक्षको तर्फबाट :** |
|---|---|
| नाम,थर :<br>पद :<br>दस्तखत :<br>मिति :<br>कार्यालयको छापः | संस्थाको नाम :<br>प्रतिनधिको नाम थर :<br>पद :<br>दस्तखत :<br>मिति :<br>संस्थाको छापः |

आज्ञाले,
काजी मान राई
प्रमुख प्रशासकिय अधिकृत